(बैठक नं. २)

आज मिति २०८२ साउन १३ गते मंगलबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा आ.व. २०८२/०८३ को दोस्रो कार्यपालिका बैठक बस्यो।

<u>उपस्थितिः</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २. | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३. | श्री तिल प्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४. | श्री कृष्ण बहादुर के.सी. | सदस्य | |
| ५. | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६. | श्री होमनाथ पौडेल | सदस्य | |
| ७. | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८. | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९. | श्री मिन बहादुर सोती मगर | सदस्य | |
| १०. | श्री भुमिसरा आले | सदस्य | |
| ११. | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२. | श्री बलिराम सापकोटा | सदस्य | |
| १३. | श्री रेसी कुमार घर्ती | सदस्य | |
| १४. | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५. | श्री एकदेव पौडेल | सदस्य | |
| १६. | श्री गोपाल थापा | सदस्य | |
| १७. | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८. | श्री केशब राज गौतम | सदस्य | |
| १९. | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २०. | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१. | श्री मधु माया गुरुङ | सदस्य | |
| २२. | श्री फूल माया वि.क. | सदस्य | |
| २३. | श्री पार्वती कंडेल | सदस्य | |
| २४. | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५. | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६. | श्री जय बहादुर वि.क. | सदस्य | |
| २७. | श्री गिता देवी बोटे | सदस्य | |
| २८. | श्री राम प्रसाद शर्मा | नि. प्र.प्र.अ. | |

२९ श्री जिवलाल श्रेष्ठ — अधिकृत आठौं

३० श्री अविनास पन्थी — अधिकृत सातौं

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
...
नवलपरासी (ब.सु.पू.)

**देवचुली नगरपालिकाको आ.व. २०८२/०८३ को दोस्रो कार्यपालिका बैठक २०८२ साउन १३ गते मंगलबार;**

छलफलका विषयहरुः

१. स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

२. वर्षाका कारण बिग्रेका र खाल्डाखुल्डी भएका बाटोमा ग्राबेल व्यवस्थापन गर्ने सम्बन्धमा।

३. जग्गा प्राप्ती सम्बन्धमा।

४. मध्यवर्ती क्षेत्र र सामुदायिक वन क्षेत्रको जग्गा नापजाँचका लागि आवश्यक पहल सम्बन्धमा।

देवचुली नगरपालिकाको आ.व. २०८२/०८३ को दोस्रो कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

१. यही २०८२ साउन ४ गते आइतबार परेको अविरल वर्षाका कारण बौलाहा खोलाले नगरपालिकाका विभिन्न स्थानमा जमिन कटान गरेको, ढुवान गरेको र सिंचाई पूर्वाधार समेतमा क्षति पुऱ्याएको छ। साथै थप जोखिम हुन सक्ने सम्भावित स्थानमा समेत विपद् क्षति न्युनिकरण एवम् खोला व्यवस्थापन गर्नुपर्ने देखिन्छ। सो सम्बन्धमा नगर प्रमुखको संयोजकत्वमा जिल्ला समन्वय उपप्रमुख, प्रमुख जिल्ला अधिकारी लगायतको उपस्थितिमा अनुगमन गरी देहायका स्थानलाई अति विपद् संवेदनशिल क्षेत्र किटान गरी आवश्यक प्रक्रिया (च्यानलाईज, विग बोउल्डर लेइङ र बस्ती भन्दा खोला उच्च भएको स्थानमा नदीजन्य पदार्थ संकलन एवम् व्यवस्थापन समेत) अगाडी बढाउने सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिबाट जिल्ला विपद् व्यवस्थापन समितिमा सहजिकरणका लागि लेखि पठाउने निर्णय भईआएकोले जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध लेखि पठाउने निर्णय गरियो।

क. वडा नं. १ र १३ को सीमाना स्थित बौलाहा खोला पुल मुनि बिक्रम मल्लको घरदेखि माथिल्लो क्षेत्र र वोटे टोलको पुछारमा बाढी नियन्त्रणका लागि आवश्यक कार्य गर्ने।

ख. वडा नं. ५ र १२ को सीमाना स्थित रातो माटे डाँडा क्षेत्र, वडा नं. ६ को मृतुङ क्षेत्र र झोलुङ्गे पुल नजिक।

ग. वडा नं. ५ र १२ को सीमानामा रहेको पक्की पुल, वडा नं. १२ को सिंचाई कुलो बगाएको स्थान।

...प्रसाद न्यौपाने
नगर प्रमुख

निमित प्रमुख प्रशासकीय अधिकृत

घ. वडा नं. ६ र ७ स्थित खानेपानी मुहान र गैंडी, जनबस्ती र देउसत कुलोको मुहान क्षेत्र।

ङ. वडा नं. १२ स्थित कालिका टोल र जनबस्ती टोल नजिक।

साथै, देवचुली वडा नं. १७ स्थित झराही खोलाको गौरीपुर-बसन्तपुर खुलोको मुहान क्षेत्र च्यानलाईज गर्ने कार्यको आवश्यक सहजिकरणका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा लेखि पठाउने निर्णय गरियो।

२. नगरक्षेत्रभित्र रहेका भित्री कच्ची बाटोहरु वर्षाका कारण हिलाम्य हुँदा सर्वसाधारणलाई आवतजावतमा कठिनाई परेको, विद्यालयका बालबालिका ओसारपसार गर्ने सवारी साधन फस्ने गरको साथै कतै कतै पानी भलका कारण बाटो नै भासिएको र खाल्डाखुल्डीमा पानी जमेको कारण वाटो बिग्रिएकोले सम्बन्धित वडा कार्यालयहरुबाट बाटो मर्मत कार्यका लागि सम्वन्धित वडाको वडा समितिवाट खर्च वजेट शीर्षक उल्लेख गरी वडाको प्राविधिकबाट लागत अनुमान समेत तयार गर्न लगाई सो वमोजिमको ग्रावेल माग सहित सिफारिस प्राप्त भए पश्चात् नगरपालिकाको ब्याक हो लोडर र ट्रिपर प्रयोग गर्ने। उक्त साधनमा प्रयोग हुने इन्धनका साथै लोडिङ र ढुवानी समेत सोहि वजेटवाट खर्च लेख्ने गरी नगरपालिकाले वडा नं. १३ स्थित वौलाहा खोलावाट संकलन र व्यवस्थापन गरेको नदीजन्य पदार्थ लोडिङ र ढुवानी वाहेक विपद् प्रयोजनका (२०८२ साउन र भदौ महिना भित्र कार्य सम्पन्न हुने हकमा) लागि रु. ५१७।५० प्रति घ.मि. दररेट कायम गरी सो सम्वन्धमा आवश्यक प्रक्रिया अगाडि वढाउन कार्यलायलाई निर्देशन गर्ने निर्णय गरियो।

३. देवचुली नगरपालिकाको प्रशासकीय भवन हाल देवचुली-१४ मा रहेको छ। उक्त स्थानमा प्रगतिनगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको समेत कार्यालय रहेको छ। हाल नगरपालिकाले प्रवाह गर्ने सेवाको दायरा र प्रकृति वढेकोले ऐलेको भवनवाट सेवा प्रवाहलाई व्वयस्थित गर्न कठिनाई परेको छ।

सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ४, उपदफा (१) वमोजिम देवचुली नगरपालिका वडा नं. १६ स्थित उत्तर वडा कार्यालय देखि मुकुण्डे खोला सम्मको भित्री पिच वाटो, दक्षिण देवचुली आ.वि. देखि पुरानो कृषि विकास वैंक जाने भित्री पिच वाटो, पूर्व रजहर चोक देखि प्राकृतिक चिकित्सालय जाने भित्री पिच बाटो र पश्चिम रजहर चोक देखि पुरानो कृषि विकास वैंक जाने भित्री पिच बाटो सीमाना रहेको चार किल्ला भित्रको करिव ५ कठ्ठा क्षेत्रफल रहेको सरकारी जग्गा कार्यालयको शाखा/उपशाखालाई व्यवस्थित कक्ष वनाई सेवाप्रवाहलाई नागरिकमैत्री वनाउने

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)

उद्देश्यले सेवाप्रवाह भवन निर्माणको लागि उपयोग गर्न देवचुली नगरपालिकालाई उपलब्ध गराउने प्रक्रिया अगाडी बढाउन जिल्ला प्रशासन कार्यालय कावासोती र मालपोत कार्यालय कावासोतीलाई अनुरोध गर्ने।

४. यस नगरपालिका अन्तर्गत पर्ने मध्यवर्ती क्षेत्र भित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच लगायत व्यापार, व्यवसाय, उद्योग, कलकारखाना स्थापना तथा सञ्चालन, विकास निर्माण सम्बन्धी कार्यमा झन्झटिलो प्रक्रिया र अवरोध सृजना हुन गई आम नागरिकको जीविकोपार्जनमा समेत समस्या पारेको हुँदा उक्त क्षेत्रमा बसोबास गर्ने नागरिकहरुबाट सो क्षेत्रलाई मध्यवर्ती क्षेत्रबाट हटाइनुपर्ने माग दिनुदिन बढ्न गएको छ। सो सम्बन्धमा मध्यवर्ती क्षेत्र नियमावली, २०५२ अनुसार सिमाङ्कन भएको मध्यवर्ती क्षेत्रलाई संशोधन गरी नरायणी नदी किनार सँगै मानवबस्ती देखि दक्षिण तर्फ मात्र कायम हुने गरी पुन:सिमाङ्कन गर्नका लागि आवस्यक पहल गरिदिन अनुरोध गर्नुका साथै उक्त कार्य नहुँदासम्मका लागि यस नगरपालिका क्षेत्र भित्रका मध्यवर्ती उपभोक्ता समिति निर्वाचनका सम्पूर्ण प्रक्रियाहरु स्थगन गर्न समेत जानकारी गराउँदै सम्बन्धित निकायहरुमा पत्राचार गर्ने निर्णय गरियो।

यस नगरपालिका अन्तर्गत पर्ने सामुदायिक वन क्षेत्र भित्र लामो समयदेखि (करिब वि.सं. २०२२/०२४ सालदेखी) मानव बसोबास रहेकोमा भूमि आयोगबाट हाल वनक्षेत्रभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच कार्य भैसकेकोमा पूर्जा वितरणको कार्य रोकिएको हुँदा उक्त क्षेत्रका नागरिक बसोबास रहेको क्षेत्रलाई बसोबास क्षेत्र र सो बाहेकको वन क्षेत्रलाई वन क्षेत्र सिमाङ्कन गरी पूर्जा वितरण प्रक्रिया अगाडी बढाउने कार्यका लागि आवश्यक पहल तथा सहजिकरणका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत